# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरेको आईपीओमा आवेदन दिने समय बन्द, माग गरेभन्दा अत्यधिक आवेदन स्थानीयवासीका लागि अवधि थप

मिति:२०७९/०९/१३,

यस एशियन हाइड्रोपावर लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरेको साधारण शेयर (आईपीओ) मा आवेदन दिने समयावधि मिति २०७९, पुस १२ गते (बैंकिङ्ग समय पश्चात) देखि बन्द भएको छ । कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित स्थानीय वासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि मिति २०७९, मंसिर २७ गतेदेखि आईपीओ निष्काशन तथा बिक्री खुल्ला गरेको थियो जसमध्ये विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरेको आईपीओमा माग गरेभन्दा अत्यधिक आवेदन प्राप्त भएको छ ।

वैदेशिक रोजगारीका लागि कुल ८४,००० (चौरासी हजार) कित्ता साधारण शेयर छुट्याइएकोमा कुल ८,८७७ (आठ हजार आठसय सत्तहत्तर) आवेदकहरुले ५,४५,७६० (पाँच लाख पैंतालिस हजार सातसय साठ्ठी) कित्ता शेयर खरिदका लागि आवेदन दिंदा कुल ५,४५,७६,०००/- (अक्षेरुपी पाँच करोड पैंतालिस लाख छयहत्तर हजार) रुपैंया बराबरको आवेदन प्राप्त भएको छ ।

त्यसैगरी, आयोजना प्रभावित स्थानीय वासिन्दाको हकमा भने आवेदनका लागि पुस १९ गतेसम्मको अवधि थप गरिएको छ । स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरेको ३,४०,०००/- (तीन लाख चालिस हजार) कित्ता साधारण शेयरमध्ये आयोजनाबाट अति प्रभावित क्षेत्र ईलाम नगरपालिका वडा नं १० (साविकको गोदाक गा.वि.स का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु), माईजोगमाई गाउँपालिका वडा नं ३ र ४ (साविकको नाम्सालिङ्ग गा.वि.स का १ देखि ९ सम्मका सम्पूर्ण वडाहरु तथा नयाँबजार गा.वि.स को वडा नं ५) तथा सूर्योदय नगरपालिका वडा नं ११ (साविकको माघेसुन्तले र तिनघरे गा.वि.स का सम्पूर्ण वडाहरु तथा सूर्योदय गा.वि.स का वडा नं ३, ४ र ५) का स्थानीय वासिन्दाहरुका लागि १,३६,०००/- (एक लाख छत्तिस हजार) कित्ता शेयर छुट्याएको छ भने सो आयोजनाबाट अति प्रभावित क्षेत्रबाहेकका ईलाम जिल्लाको अन्य क्षेत्रहरुमा बसोबास गर्ने वासिन्दाहरुका लागि बाँकी २,०४,०००/- (दुई लाख चार हजार) कित्ता शेयर छुट्याएको छ ।

स्थानीय बासिन्दाले एनएमबि बैंक लिमिटेड (ईलाम शाखा, ईलाम), सिभिल बैंक लिमिटेड (माई जोगमाई शाखा, ईलाम), प्राइम कमर्सियल बैंक (ईलाम शाखा, ईलाम) र ग्लोबल आइएमई बैंक लिमिटेड सूर्योदय शाखा, ईलाम) तथा नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्य प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीयवासीका लागि निष्काशन गरेको आईपीओ बाँडफाँट सम्पन्न गरेपश्चात कर्मचारी र सर्वसाधारणका लागि आईपीओ निष्काशन तथा बिक्री खुल्ला गर्नेछ ।

कम्पनीद्वारा इलाम जिल्लामा निर्माण सम्पन्न भएको ६.२ मे.वा क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाले मिति २०७८, कार्तिक १५ गतेदेखि व्यापारिक उत्पादन समेत आरम्भ गरिसकेको छ ।

कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेड रहेको छ ।

एशियन हाइड्रोपावर उर्जा डेभलपर्स प्रा.लि को सम्बद्ध संस्था हो । उर्जा डेभलपर्स र यससँग सम्बन्धित कम्पनीहरुले सन् २०३० सम्ममा कुल १००० मेगावाट क्षमताका विद्युत आयोजनाहरु विकास गर्ने लक्ष्य लिएको छ ।